# प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ५(१) बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

**कार्यालयको नामः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर**

**अवधिः- २०७९ चैत्र १ देखि २०८० असार मसान्तसम्म**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानमा व्यवस्था भए अनुरुप प्रदेश सरकारहरुको स्थापना भएपश्चात् प्रदेशको प्रादेशिक प्रशासनको सर्वोच्च निकाय (Apex Body) को रूपमा वि.सं. २०७४/१०/०५ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्थापना भएको हो। यो कार्यालय एकातिर प्रदेशको कार्यकारी प्रमुख मुख्यमन्त्रीको कार्यालय भएकोले मुख्यमन्त्रीलाई सचिवालयको सेवा प्रदान गर्दै आएको छ भने अर्कोतिर प्रदेशको उच्च प्रशासनिक पदाधिकारी प्रमुख सचिवज्यूको कार्यालय पनि भएकोले प्रदेश मन्त्रिपरिषद्को कार्यसम्पादनमा प्रशासनिक एवम् प्राविधिक सहयोग पुऱ्याउने गर्दछ । राजनीतिक र प्रशासनिक दुबै दृष्टिकोणले उच्च निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रादेशिक प्रशासनको केन्द्रविन्दुको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । प्रदेशका सबै मन्त्रालयहरुको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयहरुको कार्यसम्पादन स्तरलाई प्रभावकारी बनाउन सघाउ पुग्दछ ।

## २. निकायको काम, कर्तव्य र अधिकार


बागमती प्रदेश सरकारको (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयको काम, कर्तव्य र अधिकारहरु यस प्रकार रहेका छन् ।

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी
- प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन
- प्रदेश मन्त्रालयकहरुको कार्यहरुको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण
- प्रदेश मन्त्रिपरिषद्का निर्णयहरुको कार्यान्वयन र अनुगमन
- प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण
- प्रदेश भित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय

- सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन
- प्रदेश प्रमुखको सम्पर्क सम्बन्धी विषय (प्रतिवेदन समेत)
- अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध
- प्रदेश स्तरका आयोग तथा निकायहरुको गठन एवं सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन
- निर्वाचन कार्यमा सहयोग र समन्वय
- प्रदेश स्तरमा मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन
- प्रदेश स्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण
- प्रदेश स्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेश स्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय
- प्रदेश स्तरका सार्वजनिक सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ ।




## ४. निकायबाट प्रदान गरिने सेवा

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत र व्यावहारिक निर्णयहरु तथा जनशक्ति व्यवस्थापनका सेवाहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

| महाशाखा/ शाखा | जिम्मेवार पदाधिकारी |
|---|---|
| शासकीय सुधार तथा समन्वय महाशाखा | प्रदेश सचिव श्री शिवराम गेलाल |
| प्रशासन तथा बैठक महाशाखा | प्रदेश सचिव श्री निश्चलराज पाण्डे |
| कानुन तथा संवैधानिक मामिला महाशाखा | प्रदेश सचिव श्री विनोद कुमार भट्टराई |
| योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखा | उपसचिव श्री बद्री बहादुर पाठक<br>शाखा अधिकृत श्री विमोचन घिमिरे |
| मुख्यमन्त्रीको निजी सचिवालय | उपसचिव श्री विरेन्द्रजङ्ग थापा |
| कानुन तथा फैसला कार्यान्वयन शाखा | उपसचिव श्री विनोद अमात्य |
| प्रशासन तथा बैठक शाखा | शाखा अधिकृत श्री विनोद पौडेल |
| सूचना तथा सञ्चार समन्वय शाखा | अधिकृत छैटौं श्री लुना तिमल्सिना |
| आर्थिक प्रशासन शाखा | लेखा अधिकृत श्री देवी प्रसाद गौतम |
| शासकीय सुधार तथा सञ्चार शाखा | शाखा अधिकृत श्री कपिल सिलवाल |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित नियम अनुसार ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्रदेश सरकार मन्त्रिपरिषद्, माननीय मुख्यमन्त्री, प्रमुख सचिव, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस कार्यालयमा विभिन्न शाखाहरूबाट गरिएका निर्णयहरु उपर सम्बन्धित महाशाखाका प्रमुखज्यूहरु (प्रदेश सचिव) समक्ष तथा सचिव स्तरबाट भएका निर्णयहरुका सम्बन्धमा उजुरी भएमा प्रमुख सचिव समक्ष उजुरी वा गुनासो राख्न सकिनेछ ।

## ९. सम्पादन गरेका कामको विवरण

आर्थिक वर्ष २०७९/८० को तेस्रो चौमासिकमा सम्पादन भएका क्रियाकलाप तथा गतिविधिहरुको विवरण यस प्रकार छ ।

मुख्य उपलब्धिहरू

- बागमती प्रदेश सरकारबाट आ.व. ०८०/८१ को नीति तथा कार्यक्रम प्रदेश सभाबाट पारित भएको।

- बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णयहरू तथा कार्यालयमा सिर्जना हुने अन्य अभिलेखहरूको व्यवस्थापनका लागि विद्युतीय सूचना प्रणाली, क्याबिनेट निर्णय तथा फाइल सूचना प्रणाली तयार गरिएको।

कार्यक्रमहरु तर्फ

- प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को आ.व. ०८०/८१ को कार्यक्रम तयारी गरी प्रदेश समन्वय समितिको बैठकद्वारा स्वीकृति पश्चात् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको।
- प्रदेश सरकारद्वारा जारी व्यवस्थापन परीक्षण निर्देशिका, २०८० को सम्बन्धमा प्रदेश मन्त्रालय तथा निकायका कर्मचारीहरूको अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- विद्युतीय सुशासन गुरुयोजनाको अन्तिम मस्यौदा तयार।
- स्थानीय तहमा स्थानीय संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तीय जोखिम मूल्याङ्कन (FRA), आवधिक योजना, राजश्व सुधार कार्ययोजना, क्षमता विकास योजना, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण जस्ता क्रियाकलापहरूको प्रभावकारिता अध्ययन कार्य सम्पन्न।
- प्रदेश मन्त्रालय/ निकायहरूका लागि वित्तीय सुशासन जोखिम अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- प्रदेशका बहुवर्षीय आयोजनाहरूको प्रगति अनुगमन- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र हेटौंडा अस्पतालको निर्माणाधिन भवन।
- माननीय मुख्यमन्त्री, मन्त्री, सभामुख तथा उपसभामुखका निजी सचिव तथा स्वकीय सचिवहरूको क्षमता विकास तालिम सम्पन्न।
- प्रदेशका मन्त्रालय तथा निकायहरूबीच सुशासन र सार्वजनिक सेवा प्रवाह प्रणाली विषयमा अन्तरक्रिया सम्पन्न।

समन्वय र सहकार्य तर्फ

- प्रदेश समन्वय परिषद्को सदस्यमा मनोनयन गरी परिषद्लाई पूर्णता दिइएको।
- गण्डकी प्रदेश सरकारद्वारा आयोजित मुख्यमन्त्री सम्मेलनमा सहभागिता।
- राष्ट्रिय समन्वय परिषद्को बैठकमा सहभागिता।
- दिगो विकास लक्ष्य कार्यान्वयन अवस्था सम्बन्धी कार्यक्रममा सहभागिता।
- मधेश प्रदेशबाट सिकाई आदान प्रदानको लागि बागमती प्रदेशमा आएको भ्रमण मण्डलसँग अन्तर्क्रिया।
- महालक्ष्मी नगरपालिका, ललितपुरको केन्द्र हेरफेरसम्बन्धी प्रस्ताव प्रदेश सरकारबाट स्वीकृत भई नेपाल सरकार समक्ष पेस गरिएको।
- नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु, संवैधानिक आयोगहरु, बागमती प्रदेशका स्थानीय तह तथा अन्य प्रदेशहरुसँग समन्वय, सम्पर्क र सहयोग आदान प्रदानका क्रियाकलापहरु (पत्राचार, बैठकमा सहभागिता आदी)
- नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु तथा संवैधानिक आयोगहरुबाट माग भई आएका विवरण तथा तथ्याङ्कहरु सङ्कलन तथा एकीकृत गरी पठाउने कार्य

- नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय तथा निकाय एवं संवैधानिक निकायहरुबाट भएका निर्णय कार्यान्वयन, यसका लागि बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरु सँग सहकार्य र फलो अप गरिएको ।

<u>नियमित कार्यसम्पादन तर्फ</u>

- बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकहरु नियमित रुपमा सञ्चालन गरिएको ।
- प्रमुख सचिवज्यूको अध्यक्षतामा प्रदेश सरकारका सचिवहरुको बैठकहरु नियमित रुपमा आयोजना गरिएको ।
- बढुवा समितिको सचिवालय स्थापना गरी आ.व. ०७७/७८ देखि ०७९/८० सम्ममा प्रदेश लोक सेवा आयोगबाट बढुवाका लागि भएका विज्ञापनहरुको फस्र्यौट गरिएको।
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नयाँ नियुक्त भएका कर्मचारीहरु, करारमा नियुक्त भएका कर्मचारीहरु, प्रदेश सभाका नवनिर्वाचित माननीय सदस्यहरु तथा अन्य सार्वजनिक पदाधिकारीहरुको सम्पत्ति विवरण सङ्कलन, अभिलेखीकरण तथा भण्डारण गरिएको।
- कर्मचारी व्यवस्थापनका क्रियाकलापहरु (कार्य सम्पादन मूल्याङ्कन, सरुवा, अध्ययन र असाधारण बिदा सिफारिस, अध्ययन बिदा पूर्व स्वीकृति, तह वृद्धि आदि) गरिएको।
- बागमती प्रदेश सरकारको रिक्त पदमा कर्मचारी पदपूर्ति गर्न मन्त्रालय/ निकाय र आयोगहरुसँग रिक्त पदको विवरण सङ्कलन गरी प्रदेश लोक सेवा आयोगमा माग आकृति पठाएको।
- यस कार्यालयलाई विपक्षी बनाएर अदालतमा दायर भएका मुद्धाहरुको लिखित जवाफ पेस गरिएको।

१०. **प्रमुख सचिवको नामः** श्री मुकुन्द प्रसाद निरौला

११. **सूचना अधिकारीको नाम र पदः** श्री कपिल सिलवाल, अधिकृत स्तर सातौं तह

१२. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

यस अवधिमा जारी भएका नयाँ कानुनहरुको सूची यस प्रकार छ ।

<u>ऐन</u>

- स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को अनुसूची हेरफेर

<u>नियम</u>

- प्रदेश सार्वजनिक खरिद नियमावली, २०८०

१३. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

यस कार्यालयले आर्थिक वर्ष २०७९/८० को दोस्रो चौमासिकमा भएको खर्चको विवरण (रु. हजारमा) यस प्रकार रहेको छ ।

| बजेट उपशीर्षक नं | कुल बजेट | ०७९ असार मसान्त सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १६९,९८६,०००.०० | १२९,२५४,००० | ७६.०३ |

| बजेट उपशीर्षक नं | कुल बजेट | ०७९ असार मसान्त सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| [३०१०००११३] | | | |
| मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय [३०१०००११४] | ११,९१०,०००.०० | ८,८३९,०००.०० | ७४.२१ |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ शसर्त अनुदान) [३०१९११२०३] | ३१,४३३,०००.०० | ६,९१८,०००.०० | २२.०० |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ शसर्त अनुदान) [३०१९११२०४] | २,०००,०००.०० | २,०००,०००.०० | १०० |
| जम्मा | २१५,३२९,०००.०० | १४७,०११,०००.०० | ६८.२७ |

यस कार्यालयले आर्थिक वर्ष २०७९/८० मा गरेको आम्दानीको विवरण यस प्रकार रहेको छ ।

| राजस्व शीर्षक | पहिलो चौमासिकको | दोस्रो चौमासिकको | तेस्रो चौमासिकको | ०७९/८० को जम्मा |
|---|---|---|---|---|
| १४२२९- अन्य प्रशासनिक | ८,०००.०० | ९,०००.०० | ३,०००.०० | २०,०००.०० |
| १५१११- बेरुजु | ३७,५००.०० | ० | १,६९०,४४९.०० | १,७२७,९४९.०० |
| जम्मा | ४५,५००.०० | ९,०००.०० | १,६९३,४४९.०० | १,७४७,९४९.०० |